छायाँनाथ रारा नगरपालिकाद्वारा प्रकाशित

# स्थानीय राजपत्र

खण्ड: ७ संख्या: ३ २०८० कार्तिक २२ गते


भाग-२

छायाँनाथ रारा नगरपालिका, मुगुको

## सूचना

छायाँनाथ रारा नगरपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

## संवत २०८० सालको कार्यविधि नं. १०

**<u>छायाँनाथ रारा नगरपालिका लक्षित वर्ग सिलाई कटाई कार्यक्रम सञ्चालन तथा कार्यान्वयन सम्बन्धि (पहिलो संशोधन) कार्यविधि, २०८०</u>**

**<u>प्रस्तावना:</u>** छायाँनाथ रारा नगरपालिका लक्षित वर्ग सिलाई कटाई कार्यक्रम सञ्चालन तथा कार्यान्वयन सम्बन्धि कार्यविधि, २०७९ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी छायाँनाथ रारा नगरपालिकाले यो कार्यविधि बनाएको छ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यस ऐनको नाम "छायाँनाथ रारा नगरपालिका लक्षित वर्ग सिलाई कटाई कार्यक्रम सञ्चालन तथा कार्यान्वयन सम्बन्धि (पहिलो संशोधन) कार्यविधि, २०८० रहेको छ।

(२) यो कार्यविधि स्थानिय राजपत्रमा प्रकाशन भएको मिति देखि प्रारम्भ हुनेछ।

२. **<u>छायाँनाथ रारा नगरपालिका लक्षित वर्ग सिलाई कटाई कार्यक्रम सञ्चालन तथा कार्यान्वयन सम्बन्धि कार्यविधि, २०७९ को प्रस्तावनामा संशोधनः</u>** छायाँनाथ रारा नगरपालिका लक्षित वर्ग सिलाई कटाई कार्यक्रम सञ्चालन तथा कार्यान्वयन सम्बन्धि कार्यविधि, २०७९ (यस पछि "मूल कार्यविधि" भनिएको) को प्रस्तावनामा,–

(१) प्रस्तावनाको सट्टा देहायको प्रस्तावना राखिएको छः-

"स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी छायाँनाथ रारा नगरपालिकाको नगरकार्यपालिकाले यो कार्यविधि जारी गरेको छ।"

३. **<u>मूल कार्यविधिको दफा १ मा संशोधनः</u>** मूल कार्यविधिको दफा १ को,-

(१) उपदफा (१) सट्टा देहायको शब्द राखिएको छः-

"(१) यस कार्यविधिको नाम "लक्षित वर्ग सिलाई कटाई कार्यक्रम सञ्चालन तथा कार्यान्वयन सम्बन्धि (पहिलो संशोधन) कार्यविधि, २०८०"

(२) उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छः-

"(२) यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशन पछि प्रारम्भ हुनेछ।"

४. **<u>मूल कार्यविधिको परिच्छेद-२ मा संशोधनः</u>** मूल कार्यविधिको परिच्छेद-२ को,-

५. **<u>मूल कार्यविधिको दफा ३ मा संशोधनः</u>** मूल कार्यविधिको दफा ३ को,-

(१) दफा ३ को सट्टा देहायको दफा राखिएको छः-

"दफा ३ कार्यक्रमका लक्ष्य, उद्देश्य"

(२) दफा ३ पछि देहायको उपदफा थपिएको छः-

"(१) यस कार्यविधिको लक्ष्य, उद्देश्य देहाय बमोजिम रहेकोछ"

(३) खण्ड (ख) को सट्टा देहायको खण्ड राखिएको छः-

"(ख) सहभागी छनोट प्रक्रियामा अति विपन्न,गरिब,दलित तथा एकल र द्धन्द पिडित महिलालाई प्रथामिकता दिने"

६. **मूल कार्यविधिको परिच्छेद-३ मा संशोधनः** मूल कार्यविधिको परिच्छेद-३ को,-

(१) परिच्छेद-३ सट्टा देहायको परिच्छेद राखिएको छः-

"परिच्छेद-२ समितिको गठन, यसका काम, कर्तव्य र अधिकार"

७. **मूल कार्यविधिको दफा ४ मा संशोधनः** मूल कार्यविधिको दफा ४ को,-

(१) उपदफा (४) को सट्टा देहायको उपदफा राखिएको छः-

"४. लक्षित वर्ग सिलाई कटाई कार्यक्रम संचालन तथा कार्यन्वयन समितिको, काम, कर्तव्य र अधिकार"

(२) उपदफा (१) को खण्ड (क), (ख), (ग), (घ), र (ङ) को सट्टा देहायको खण्डहरु राखिएको छः-

"(क) छायाँनाथ रारा नगरपालिकाका उपप्रमुख एक जना -अध्यक्ष

(ख) नगरकार्यापालिकाको महिला सदस्य मध्येबाट एक जना -सदस्य

(ग) छायाँनाथ रारा नगरपालिका महिला तथा वालवालिका शाखाका शाखा प्रमुख वा निजले तोकेको महिला मध्येबाट एक जना -सदस्य

(घ) महिला बर्गको हक, हित, संरक्षण र सम्वर्द्धनमा विषेश योगदान पुर्याउने संघ संस्था एवं पेशा व्यवसाय समेतको प्रतिनिधित्व हुनेगरी एक जना -सदस्य

(ङ) नगरपालिका निर्वाचित नगर उपप्रमुखले तोकेको एक जना -कार्यक्रम संयोजक "

(३) उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छः-

"(२) दफा ४ उपदफा (१) बमोजिम गठित समितिमा रहेका पदाधिकारी तथा सदस्यहरुको पदावधि गठन भएको मिति देखि पाँच बर्षको हुनेछ"

(४) उपदफा (४) मा रहेको "दफा ४ (क) (ख) (ग) बमोजिम" को सट्टा देहायको " दफा ४ उपदफा (क) (ख) र (ग) बमोजिम" शब्द राखिएको छ।

७. **मूल कार्यविधिको दफा ५ मा संशोधनः** मूल कार्यविधिको दफा ५ को,-

(१) दफा ५ को सट्टा देहायको दफा राखिएको छः-

"दफा ५. समितिमा पदाधिकारी तथा सदस्यहरुको योग्यता"

८. **मूल कार्यविधिको दफा ७ मा संशोधनः** मूल कार्यविधिको दफा ७ को,-

(१) उपदफा (१) मा रहेको "समितिको बैठक हरेक १ महिना" को सट्टा देहायको शब्द राखिएको छः-

"समितिको बैठक हरेक एक महिना"

९. **मूल कार्यविधिको परिच्छेद-४ मा संशोधनः** मूल कार्यविधिको परिच्छेद-४ को,-

(१) "परिच्छेद-४ समितिका पदाधिकारी तथा सदस्यहरुको काम, कर्तव्य र अधिकार" भन्ने शब्द झिकिएको छ।

१०. **मूल कार्यविधिको दफा ८ मा संशोधनः** मूल कार्यविधिको दफा ८ को,-

(१) दफा ८ को सट्टा देहायको दफा ८ राखिएको छः-

"८.समितिको पदाधिकारी तथा सदस्यहरुको काम, कर्तव्य र अधिकार"

(२) उदेहायको उपदफा (१) थपिएको छः-

"(१) समितिका पदाधिकारी तथा सदस्यहरुको काम, कर्तव्य तथा अधिकार देहाय बमोजिम हुनेछः-"

**११. <u>मूल कार्यविधिको परिच्छेद-५ मा संशोधनः</u>** मूल कार्यविधिको परिच्छेद-५ को,-

(१) परिच्छेद-५ को सट्टा देहायको परिच्छेद राखिएको छः-

"परिच्छेद-३ समितिको कोष"

**१२. <u>मूल कार्यविधिको दफा १० मा संशोधनः</u>** मूल कार्यविधिको दफा १० को,-

(१) उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छः-

"(२) आर्थिक बर्ष समाप्त भएको दुई महिना भित्र समितिले नगरपालिकाले तोकेको लेखापरीक्षक बाट लेखा परीक्षण गराई नगरपालिकामा प्रतिवेदन पेश गर्नुपर्छ"

**१३. <u>मूल कार्यविधिको परिच्छेद-६ मा संशोधनः</u>** मूल कार्यविधिको परिच्छेद-६ को,-

(१) "परिच्छेद-६ कार्यालय, कर्मचारी व्यवस्थापन, होडिङ्ग बोर्ड" भन्ने शब्द झिकिएको छ"

**१४. <u>मूल कार्यविधिको परिच्छेद-६ मा संशोधनः</u>** मूल कार्यविधिको परिच्छेद-६ को,-

(१) "परिच्छेद-६ को सट्टा देहायको परिच्छेद राखिएको छः-

"परिच्छेद-४ विविध"

**१५. <u>मूल कार्यविधिको १२ मा संशोधनः</u>** मूल कार्यविधिको १२ को,-

(१) उपदफा (१) को सट्टा देहायको शब्द राखिएको छः-

"(१) नगरपालिका लक्षित वर्ग सिलाई कटाई कार्यक्रम सञ्चालन (पहिलो संशोधन) कार्यविधि, २०८०"

**१६. <u>रुपान्तरः</u>** मूल कार्यविधिमा रहेका "पर्नेछ" शब्दको सट्टा "पर्छ" शब्द राखिएका छन।

निर्णय भएको मितिः २०८०/०७/२२

आज्ञाले,

पशुपती शाही

नि.प्रमुख प्रशासकीय अधिकृत